# बेनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बेनी, म्याग्दी

प्रथम पटक प्रकाशित मितिः २०७४/०९/१४

**निःशुल्क प्राथमिक स्वास्थ्य सेवाका अत्यावश्यक औषधी तथा सर्जिकल सामान खरिद सम्वन्धी शिलबन्दी दरभाउ पत्र आव्हानको सूचना**

शिलबन्दी दरभाउ पत्र नं. ३/२०७४/०७५

यस नगरपालिका अन्तर्गत बेनी अस्पताल र अन्तर्गतका स्वास्थ्य संस्थाहरुवाट आ.व. २०७४/७५ मा निःशुल्क रुपमा वितरण गर्नको लागि अत्यावश्यकीय औषधी तथा सर्जिकल सामानहरु सिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नुपर्ने भएकोले औषधी व्यवस्था विभागवाट इजाजत प्राप्त रजिष्टर्ड फर्म, कम्पनी वा सप्लायर्सहरुवाट देहायका सर्तहरुका अधिनमा रही यो सिलवन्दी दरभाउपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

१. रुप्से राष्ट्रिय दैनिकमा प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र रु. १,०००।- (अक्षेरुपी एक हजार रुपैंया) फिर्ता नहुने गरी यस कार्यालयबाट नगद वुझाएको सक्कल आम्दानी रसिद, आ.व. २०७४/७५ का लागि नविकरण गरिएको सम्वन्धित विषयको कारोवार गर्ने गरी इजाजत प्राप्त कम्पनी वा फर्म दर्ता प्रमाणपत्र, औषधी व्यवसायी प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र तथा मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०७३/७४ को कर चुक्ता प्रमाणपत्र वा करमा विवरण पेश गरेको कागजात र नेपाली नागरिकताको प्रमाणपत्रको नोटरी पव्लिकद्धारा स्वप्रमाणित प्रतिलिपीहरु निवेदन साथ संलग्न राखी रु. १०।- को टिकट टाँसी कार्यालय समय भित्र दरभाउपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले दरभाउपत्र खरिद गर्न सक्नेछन् ।

२. खरिद गरेको शिलवन्दी दरभाउपत्र फाराम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० वजेभित्र शिलवन्दी गरी यस कार्यालयमा दर्ता गराई सक्नुपर्ने छ । दर्ता भएको सिलवन्दी दरभाउपत्र सोही दिनको २:०० वजे दरभाउपत्रदाता वा निजका प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजका प्रतिनिधी उपस्थित नभए पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन । सिलवन्दी दरभाउपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

३ शिलवन्दी दरभाउपत्र दर्ता गर्दा जमानत वापत अनुमानित लागत अंकको ३ प्रतिशतले हुन आउने धरौटी रकम ने.वै.लि., म्याग्दी स्थित बेनी नगरपालिकाको खाता नं. ०६३०३०००००००३०००१७ मा नगदै जम्मा गरेको सक्कल भौचर वा नेपाल सरकारवाट मान्यताप्राप्त वाणिज्य वैंकवाट यस कार्यालयको नाममा जारी भएको दरभाउपत्र पेश गर्ने अन्तिम मितिवाट कम्तिमा ७५ दिन म्याद भएको विड वण्ड सिलवन्दी दरभाउपत्र साथ पेश गर्नुपर्ने छ ।

४ दरभाउपत्रदाताले कवोल गरेको प्रत्येक आईटमको मू.अ.कर वाहेकको इकाई मूल्यलाई अंक र अक्षरमा प्रष्ट वुझिने गरी उल्लेख गर्नुपर्ने छ। अंक र अक्षरमा उल्लेखित रकम फरक परेमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिईने छ। केरमेट भएको ठाउँमा सहीछाप गरी फर्म वा कम्पनीको छाप लगाउनुपर्ने छ ।

५. नेपाल सरकारको हितलाई ध्यानमा राख्दै प्राप्त भएका सिलवन्दी दरभाउपत्रहरु पूर्णरुपमा स्वीकार गर्ने, आंशिक रुपमा स्वीकार गर्ने वा पूर्ण रुपमा अस्वीकार गर्ने जस्ता सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । साथै सिलवन्दी दरभाउपत्रमा उल्लेख भएको औषधी तथा सर्जिकल सामानहरुको परिमाणमा थपघट समेत हुन सक्ने छ। यसरी परिमाणमा थपघट भएता पनि दरभाउपत्रदाताले कवोल गरेकै दररेटमा उपलव्ध गराउनुपर्ने छ । साथै स्वीकृत भएको दररेट २०७५ असार मसान्त सम्मको लागि मान्य हुने छ ।

प्रमुख प्रशासकीय अधिकृत

६. दरभाउपत्रदाताले आफुले खरिद गरेको दरभाउपत्र नै दर्ता गराउनु पर्ने छ। यस कार्यालयवाट प्रमाणित नभएको र एक फर्मले खरिद गरेको दरभाउपत्र अर्को फर्मले दाखिला गर्न पाउने छैन। साथै छायाँप्रति तयार गरी पेश गरेको दरभाउपत्रलाई मान्यता दिइने छैन।

७. दरभाउपत्रदाताले दरभाउपत्रसाथ आफू खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वघोषणा संलग्न गर्नुपर्ने छ।

८. दरभाउपत्रको स्वीकृति समग्र प्याकेजमा नगरी आईटमवाईज वोलकवोल अंक मध्ये न्यूनतम मूल्यका आधारमा गरिने छ।

९. औषधीको म्यादको हकमा औषधीहरु दाखिला हुने समयमा कम्तीमा १८ महिनाको Expiry Date वांकी भएको हुनुपर्ने छ। तर कुनै औषधीको जम्मा Expiry Date १८ महिना भन्दा कम अवधिको हुने भएमा जम्मा Expiry Date को ७५ प्रतिशत म्याद वांकी भएको हुनुपर्ने छ।

१०. म्याद नाघी आएको, रित नपुगेको र सर्त राखि पेश भएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन।

११. सप्लाई हुने औषधीको प्रत्येक प्याकिङको वाहिर उत्पादन मिति, एक्सपायरी मिति, व्याच नं., तथा "Supply for Ministry of Health, Nepal, नेपाल सरकारवाट निःशुल्क वितरणका लागि " भन्ने वाक्यांश उल्लेख हुनुपर्ने छ।

१२. सप्लाई हुने औषधीहरु WHO GMP प्राप्त कम्पनीवाट उत्पादन भएको हुनुपर्ने छ। स्वदेशी औषधीको हकमा WHO GMP Certificate को प्रमाणित प्रतिलिपी पेश गर्नुपर्ने छ। विदेशी औषधीहरुको हकमा औषधी व्यवस्था विभागको पैठारी सिफारिस पत्रको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्ने छ।

१३ दरभाउपत्र खरिद गर्दा कम्पनी वा फर्मको आधिकारीक व्यक्ति स्वंय उपस्थित हुनुपर्ने छ र आफु उपस्थित हुन नसकेमा उक्त संस्थाले आफुले पठाएको प्रतिनिधिको परिचय खुल्ने कागजात, संस्थाको छाप, आफ्नो लेटर प्याडमा शिलबन्दी दरभाउपत्र खरिद गरि पाउँ भन्ने निबेदन पेश गरेमा दरभाउपत्र खरिद गर्न सकिने छ।

१४. शिलवन्दी दरभाउपत्र स्वीकृत भएको सूचना प्राप्त भएको मितिले १५ दिन भित्र स्वीकृत दरभाउपत्र दाताले स्वीकृत रकम (मू.अ.कर) सहितको ५ प्रतिशतको हिसावले हुने जमानत रकम ने.वै.लि. म्याग्दी स्थित यस नगरपालिका कार्यालयको धरौटी खाता ०६३०३००००००००३००००१७ मा जम्मा गरेको सक्कल भौचर वा दरभाउपत्र स्वीकृत भएको मितिले कम्तिमा ६ (छ) महिना म्याद भएको नेपाल सरकारवाट मान्यता प्राप्त वाणिज्य वैंकवाट जारी भएको कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) साथ सम्झौता गर्न आउनु पर्ने छ। यसरी म्याद भित्र सम्झौता गर्न नआएमा सार्वजनिक खरिद नियमावली, २०६४ मा उल्लेख भए अनुसार हुनेछ।

१५. शिलबन्दी दरभाउपत्र सम्वन्धी अन्य कुरा वुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गरी वुझ्न सकिने छ।

१६. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ वमोजिम हुनेछ।

१७. कुल स्टिमेट रकमः

**तपसिलः**

| सि.नं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १. | विभिन्न प्रकारका औषधी खरिद (४१ प्रकार) | रु.८,९५,९२२।१५ (भ्याट नलाग्ने) | |
| २. | सर्जिकल सामानहरु खरिद (११ प्रकार) | रु.३,८४,०७७।८५ (भ्याट सहित) | |
| **कुल जम्मा** | | **रु.१२,८०,०००।-** | |

प्रमुख प्रशासकीय अधिकृत